आज **मिति २०७७ साल असार ०१ गते** चौरजहारी नगर कार्यपालिकाको **५५ औं बैठक** नगर प्रमुख श्री विशाल शर्माज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उपप्रमुख | |
| ३ | श्री रामबहादुर के.सी. | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री डम्वर वहादुर मल्ल | अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना कार्की | सदस्य | |
| २० | श्री देवी खड्का | सदस्य | |
| २१ | श्री विनिता गुरुङ | सदस्य | |
| २२ | श्री दलसरी महतरा | सदस्य | |
| २३ | श्री असारे नेपाली | सदस्य | |
| २४ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २५ | श्री दिपा के सी | सदस्य | |

बौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बौरजहारी, रूकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

## २०७७ असार १ गतेको ५५ औं नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.स. | प्रस्तावको विवरण | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक र मध्यमकालिन खर्च संरचना नगरसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक बजेट अनुसार खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गर्ने सम्बन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्वन्धि प्रस्ताव | प्रस्तावमा उल्लेख भए अनुसार प्रस्ताव स्वीकृत गर्ने । | |

नगर प्रमुख

२०७७/०३/०१

नि.प्रमुख प्रशासकिय अधिकृत

## ५५ औं नगर कार्यपालिकाको मिति २०७७।०३।०१ गतेका बैठकका निर्णयहरु

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल
२०७३

निर्णय नं. १ : आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम, नीति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक र मध्यमकालिन खर्च संरचना नगरसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. २ : आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक बजेट अनुसार खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तर गर्ने सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ३ : विविध समसामयिक विषयहरु समेटिएको विविध विषय सम्बन्धि प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

नगर प्रमुख

२०७७।०३।०१
नि.प्रमुख प्रशासकिय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

विषयः-<u>विविध समसामयिक विषयहरुमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धमा ।</u>

प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति :-२०७७।०२।३२

१. **विषयको संक्षिप्त व्यहोराः**-विविध समसामयिक विषयहरुमा निर्णय गर्न नगरपालिका अन्तरगतका विभिन्न शाखाहरुबाट विभिन्न प्रस्तावहरु निर्णयार्थ पेश भएका छन् ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा** :-विभिन्न शाखाहरुबाट निर्णयको लागि पेश भएका प्रस्तावहरु एवम् विविध समसामयिक विषयहरुमा यथाशीघ्र निर्णय गरी कार्यान्वयनमा लिनु पर्ने देखिन्छ ।

३. **प्रस्ताव पेश गर्नुपर्नाका कारण र सम्बन्धित शाखाको राय** :-उल्लेखित विविध विषयहरुमा आवश्यक छलफल गरी यथाशीघ्र निर्णयमा पुग्नुपर्ने देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोराः**-उल्लेखित विविध विषयहरुमा निर्णय गरी प्रस्ताव स्वीकृत गर्न चौरजहारी नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले चौरजहारी नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ४ र विषय सङ्ख्या १५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

### *<u>निर्णय हुनुपर्ने विषयहरु</u>*

(१) विपद् व्यवस्थापन समितिको बैठकबाट स्वीकृत चौरजहारी नगरपालिका सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ अनुमोदन गर्ने ।

(२) विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ (नोभल कोरोना भाइरस) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी कार्यमा संलग्न नगरपालिकामा कार्यरत जनशक्तिलाई नेपाल सरकारबाट स्वीकृत कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम देहाय बमोजिम हुने गरी जोखिम भत्ता एवम् खाजा खाना खर्च उपलब्ध गराउने । उल्लेखित विवरणमा उल्लेख भए बाहेकका कुराहरु आदेशमा उल्लेख भए बमोजिम हुने ।

नि. प्रमुख प्रशासकिय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

**जोखिम भत्ता तथा खाजा खाना खर्च पाउने जनशक्तिको विवरण**

| क्र.स. | जोखिम भत्ता प्राप्त गर्ने जनशक्ति र कार्यक्षेत्रको विवरण | जोखिम भत्ता | खाजा खाना खर्च (दैनिक) | लागू हुने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | सङ्क्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा सङ्क्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा सङ्क्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमूना संकलन गर्ने जनशक्ति | सुरु तलब स्केलको शत प्रतिशतसम्म | रु. १७५/- | २०७६।१२।०९ | दोहोरो नपर्ने गरी |
| २. | सङ्क्रमणको शंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीहरुको उपचारमा अप्रत्यक्ष संलग्न र इमेजिङ सेवा प्रदायक जनशक्ति | सुरु तलब स्केलको पचहत्तर प्रतिशतसम्म | रु. १७५/- | २०७६।१२।०९ | दोहोरो नपर्ने गरी |
| ३. | कोभिड-१९ को महामारी सुरु भईसकेपछि स्थापना भएका नगरपालिका कार्यालय तथा विभिन्न नाकाहरुमा स्थापना गरिएका हेल्थ हेल्प डेस्कमा खटिएका जनशक्ति, क्वारेन्टाइनमा खटिएका जनशक्ति तथा प्रयोगशाला परीक्षणको लागि संकलन गरिएको नमूना प्याकिङ तथा ओसारपसारमा संलग्न तथा आइसोलेसनमा राखिएका र संक्रमण पुष्टि भई उपचाररत बिरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्ति | सुरु तलब स्केलको पचहत्तर प्रतिशतसम्म | रु. १७५/- | २०७६।१२।०९ | दोहोरो नपर्ने गरी |
| ४. | बुँदा नं. १, २ र ३ को कार्यमा सहयोग पुर्‍याउने कार्यमा संलग्न एवम् स्वास्थ्य आपतकालिन संचालन केन्द्र (HEOC) मा कार्य गर्न तोकिएका जनशक्ति, हेल्थ डेस्कमा कार्यरत जनशक्ति, क्वारेन्टाइनमा कार्यरत जनशक्ति, उपचारमा संलग्न जनशक्ति, प्रयोगशाला परीक्षणमा संलग्न जनशक्ति र स्वास्थ्य आपतकालिन सञ्चालन केन्द्रमा खटिएका जनशक्तिलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोगको लागि तत् तत् स्थानमा खटिएका जनशक्ति | सुरु तलब स्केलको पचास प्रतिशतसम्म | रु १००/- | २०७६।१२।०९ | दोहोरो नपर्ने गरी |

नि.प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

| क.स. | जोखिम भत्ता प्राप्त गर्ने जनशक्ति र कार्यक्षेत्रको विवरण | जोखिम भत्ता | खाजा खाना खर्च (दैनिक) | लागू हुने मिति | कैफियत |
|---|---|---|---|---|---|
| ५. | कोभिड-१९ का बिरामीसँग सम्पर्कमा आएकाहरुको खोजी कार्य (कन्टयाक्ट ट्रेसिङ)मा खटिएका जनशक्ति | सुरु तलब स्केलको पचास प्रतिशतसम्म | रु १००/- | २०७६।१२।०९ | दोहोरो नपर्ने गरी |
| ६. | उल्लेखित कार्यहरु गर्नको लागि जनशक्तिको व्यवस्थापनमा संलग्न जनशक्ति | सुरु तलब स्केलको पचास प्रतिशतसम्म | रु १००/- | २०७६।१२।०९ | दोहोरो नपर्ने गरी |
| ७. | कोरोना भाईरस रोकथाम, नियन्त्रण र उपचार लगायतको कार्यको अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्ति (नगर प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेत) | सुरु तलब स्केलको पचास प्रतिशतसम्म | (नगर प्रमुख, नगर उपप्रमुख र वडा अध्यक्षको सेवा सुविधा नतोकिएकोले खाना खाजा खर्च वापत एकमुष्ट दैनिक रु ३५०/-) | २०७६।१२।०९ | दोहोरो नपर्ने गरी |

नि.प्रमुख प्रशासकीय अधिकृत

(३) कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि विपद् व्यवस्थापन समितिको निर्णयानुसार हालसम्म भए गरेका कार्यहरु (क्वारेन्टाइन तथा आइसोलेसनको सञ्चालन तथा व्यवस्थापन, हेल्थ हेल्प डेस्क स्थापना, सञ्चालन तथा व्यवस्थापन, तत्काल रोजगारीको अभावमा दैनिक गुजारा गर्न नसक्ने घरपरिवारहरुलाई राहत प्याकेज वितरण, अलपत्र परेका व्यक्तिहरुको उद्दार, नगरस्तरिय एवम् वडास्तरिय स्वयंसेवक समूह गठन तथा परिचालन, कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि आवश्यक औषधि उपकरण खरिद, जनशक्ति व्यवस्थापन, पिसिआर परीक्षणको लागि **RT-PCR** मेसिन खरिद, जडान तथा सञ्चालन, सुपथ मूल्यका सहकारी पसल सञ्चालनको लागि दैनिक उपभोग्य वस्तु तथा सेवाहरुको खरिद, ढुवानी तथा वितरण, पिसिआर परीक्षणको लागि VTM खरिद इत्यादी) र सो कार्यसँग सम्बन्धित खर्च अनुमोदन गर्ने । कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि गरिने खर्च प्रणालीलाई मितव्ययी, कार्यदक्षतापूर्ण, पारदर्शी, यथार्थपरक, प्रभावकारी र औचित्यपूर्ण तुल्याउने । स्वीकृत मापदण्ड र निर्णयहरुको पूर्ण रुपमा परिपालना गर्ने तथा गराउने ।

(४) विपन्न वर्गको सहकारीमा पहुँच स्थापित गर्न सहकारी संस्थामा संस्थागत शेयर निर्माणको लागि विनियोजित रकम यस आर्थिक वर्षको लागि नगरपालिकाबाट सुपथ मूल्यका सहकारी पसल सञ्चालनको लागि दैनिक उपभोग्य वस्तु तथा सेवा खरिद, ढुवानी तथा वितरण लगायतको कार्यमा खर्च गर्ने । उक्त कार्यको लागि स्वीकृत सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ मा उल्लेख भए अनुसार सुपथ मूल्यका पसल सञ्चालन कोष स्थापना गरी विनियोजित रकम उक्त कोषमा जम्मा गरी सोही कोषबाट खर्च लेख्ने व्यवस्था मिलाउने । उक्त कोष स्थापना नहुँदै सुपथ मुल्यका सहकारी पसलको लागि खर्च लेख्नुपर्ने अवस्था सिर्जना भएमा प्रकोप व्यवस्थापन कोषमा जम्मा गरी खर्च लेख्ने व्यवस्था मिलाउने । छनौट भएका सहकारी संस्थाहरुलाई कार्यविधि अनुसार अनुदान दिनुपर्ने अवस्थामा समेत सोही रकमबाट अनुदान दिने व्यवस्था मिलाउने ।

(५) वडा कार्यालयहरुबाट छनौट भई आएका विपन्न घरपरिवारहरुको विवरण नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहितको टोलीले छानविन गरी सुपथ मूल्यमा दैनिक उपभोग्य वस्तु तथा सेवा प्राप्त गर्न योग्य व्यक्तिहरुलाई उपभोक्ता कार्ड उपलब्ध गराई यथाशीघ्र सुपथ मूल्यमा वस्तु तथा सेवा उपलब्ध हुने व्यवस्था मिलाउने ।

नि.प्रमुख प्रशासकीय अधिकृत

## चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### चौरजहारी, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

(६) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राथमिकताक्रम र भौगोलिक अवस्थिति एवम् बेरोजगारी व्यक्तिहरुको सङ्ख्या समेतलाई विश्लेषण गरी कार्यान्वयन भईरहेका देहायका आयोजनाहरु अनुमोदन गरी कार्य सम्पादन मूल्याङ्कनको आधारमा भुक्तानीको लागि स्वीकृति प्रदान गर्ने :-

| क्र.स. | आयोजनाको विवरण | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १. | मावि साक्चाखोला फिल्ड निर्माण तथा खोला नियन्त्रण आयोजना चौरजहारी नगरपालिका -१४, रुकुम (पश्चिम) | १०,००,०००/- | |
| २. | खहरे रातामाटा सिँचाइ कुलो निर्माण चौरजहारी नगरपालिका -५, रुकुम (पश्चिम) | १०,००,०००/ | |
| ३. | पाथीहाल्ने बरागारा खानेपानी निर्माण चौरजहारी नगरपालिका -१२, रुकुम (पश्चिम) | १०,००,०००/ | |
| ४. | कैनपानी खानेपानी निर्माण चौरजहारी नगरपालिका -९, रुकुम (पश्चिम) | ८,२६,०००/ | |
| | कूल जम्मा | ३८,२६,०००/- | |

(७) कोरोना महामारी (COVID-19) रोकथाम तथा नियन्त्रणको लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धि मार्गदर्शन, २०७६ बमोजिम वडास्तरमा स्वयंसेवक समूह बनाई परिचालन गरिएकोमा संघीय सरकारबाट बजेट प्राप्त नभएको एवं नगरपालिका मात्रको बजेट रकमबाट वडामा खटिएका स्वयंसेवकहरु सबैलाई मार्गदर्शनमा उल्लेख भए अनुसारको खाजा खाना खर्च र प्रोत्साहन रकम उपलब्ध गराउन नसकिने अवस्था सिर्जना भएकोले संघीय सरकारबाट बजेट प्राप्त भएमा सोही बमोजिम हुने गरी निजहरुलाई देहाय बमोजिम खाजा खाना खर्च र प्रोत्साहन रकम उपलब्ध गराउने :-

(क) स्वयंसेवक समूह गठन भई परिचालन भएको मिति (वडा कार्यालयबाट प्राप्त जानकारी पत्रमा उल्लेखित मिति) देखि २ (दुई) महिना अवधीसम्मको लागि लागू हुने गरी मार्गदर्शनमा उल्लेखित कार्यहरु गर्न खटिएका वडास्तरिय स्वयंसेवकहरुमध्ये बढिमा ३ (तीन) जना, महिला स्वास्थ्य स्वयंसेविका १ (एक) जना र वडा अध्यक्षलाई खाजा खाना खर्च एवम् प्रोत्साहन वापत मूल्याङ्कनको आधारमा काम गरेको दिनको प्रतिव्यक्ति प्रतिदिन एकमुष्ट रु ९००/- (नौ सय मात्र) उपलब्ध गराउने ।



नि. प्रमुख प्रशासकिय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

(ख) माथि खण्ड (क) मा उल्लेख भए अनुसार वडामा कार्यरत स्वयंसेवकहरुको काम गरेको अवधी २ (दुई) महिना पूरा भएको भोलीपल्टदेखि लागू हुने गरी क्वारेन्टाइनमा खटिदाको जोखिम समेतलाई विश्लेषण गरी वडास्तरिय स्वयंसेवकहरुमध्ये १ (एक) जनालाई मात्र खाजा खाना खर्च र प्रोत्साहन वापत मूल्याङ्कनको आधारमा काम गरेको दिनको प्रतिव्यक्ति प्रतिदिन एकमुष्ट रु ९००।०० (नौ सय मात्र) उपलब्ध गराउने । क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन लगायतको कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको कार्यमा जुनसुकै बेला र अवस्थामा खटिनुपर्ने भएकोले वडा अध्यक्षलाई माथि बुँदा नं. २ मा उल्लेख भए अनुसार व्यहोरामा उल्लेख भए अनुसारको मितिदेखि लागू हुने गरी एकमुष्ट खाजा खाना खर्च वापत दैनिक रु ३५०।०० (तीन सय पचास मात्र) उपलब्ध गराउने ।

(ग) १४ वटै वडामा संचालन भईरहेका क्वारेन्टाइन सुव्यवस्थित रुपमा सञ्चालनको लागि वडास्तरिय स्वयंसेवक एक जनाका अतिरिक्त नगरस्तरिय स्वयंसेवक एक जना, नगर प्रहरीको रुपमा कामकाज गर्ने गरी खटिएका कर संकलक एक जना, सम्बन्धित क्वारेन्टाइन रहेको विद्यालय र स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगी, सम्बन्धित वडामा कार्यक्षेत्र भएको प्रहरी चौकाबाट प्रहरी एक जना र आवश्यकता अनुसार स्वास्थ्यकर्मी खटिने व्यवस्था मिलाउने ।

(घ) नगरस्तरिय स्वयंसेवकहरु विदेशबाट आएका व्यक्तिहरुलाई प्रवेशस्थलबाटै क्वारेन्टाइनमा पुर्‍याउनेदेखि अन्य जोखिमपूर्ण कार्यहरुमा चौबिसै घण्टा कार्य क्षेत्रमा खटिनुपर्ने भएको हुँदा निजहरुलाई साविकै करार सम्झौता र सेवा शर्त अनुसार मार्गदर्शनमा उल्लेख भए अनुसार खाजा खाना खर्च वापत काम गरेको दिनको मूल्याङ्कनको आधारमा प्रतिव्यक्ति प्रतिदिन रु ५००/- (पाँच सय मात्र) र प्रोत्साहन भत्ता प्रतिव्यक्ति प्रतिदिन रु १०००/-(एक हजार मात्र) उपलब्ध गराउने ।

(ङ) उल्लेखित मार्गदर्शन अनुसारको स्वयंसेवक जनशक्ति परिचालन वापतको रकम उपलब्ध गराईदिन नेपाल सरकार समक्ष संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत माग गर्ने । माग अनुसार रकम प्राप्त नभएमा सशर्त अनुदान अन्तर्गत खर्च नभई बचत हुन आउने खर्च शीर्षकअनुसारको रकम खर्च गर्ने ।

(च) भारत लगायतका देशहरुबाट आएका व्यक्तिहरुलाई क्वारेन्टाइनमा राखि पिसिआर परीक्षण पश्चात् मात्र घरमा पठाउनु पर्ने अवस्था सिर्जना भएकोले नगरस्तरिय स्वयंसेवक र

चौरजहारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चौरजहारी, रूकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

वडास्तरिय स्वयंसेवकहरु (प्रति वडा एक जनामात्र) को करार अवधी असार मसान्तसम्मको लागि थप गर्ने ।

(८) संघ तथा प्रदेश सरकारबाट अनुमान अनुसारको राजश्व बाँडफाँड वापतको रकम प्राप्त नभएको, नगरपालिकामा समेत आन्तरिक राजश्व वापतको रकम लकडाउनको कारण सङ्कलन हुन नसकेको, कोरोना महामारी रोकथाम, नियन्त्रण र उपचारको लागि थप दायित्व सिर्जना भएकोले आर्थिक वर्ष २०७६।०७७ मा यस नगरपालिकामा बालुवा, गिट्टी, ढुङ्गा र दहत्तरबहत्तर वापत उठेको राजश्व प्रदेश सरकारसँग बाँडफाँड नगरी नगरपालिकाले संचित कोषमा दाखिला गरी स्वीकृत कार्यक्रममा खर्च गर्ने ।

...............................

रामबहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत